# नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

नमोबुद्ध नगरपालिकाको सार्वजनिक सम्पत्तिको सुरक्षा, प्रकोप व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, बजार व्यवस्थापन लगायत स्थानीय तहलाई तोकेको काम कर्तब्य र अधिकार कार्यान्वयन गर्न नगर प्रहरी ईकाई गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को क.ले तथा सोही ऐनको दफा १०२ को उपदफा (२) बमोजिम नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१/०२/२२ को बैठकले नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "नमोबुद्ध नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "नगरपालिका" भन्नाले नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोकलाई सम्झनुपर्दछ।

ग) "कार्यालय" भन्नाले नमोबुद्ध नगरपालिकाको प्रशासनिक केन्द्र रहेको कार्यालयलाई सम्झनु पर्दछ। घ) "प्रमुख" भन्नाले नमोबुद्ध नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नमोबुद्ध नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) “पदपूर्ति समिति” भन्नाले नमोबुद्ध नगरपालिकाको “करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५” को दफा ५ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ।

छ) “नगर प्रहरी” भन्नाले नमोबुद्ध नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

ज) “आर्थिक वर्ष” भन्नाले प्रत्येक बर्षको श्रावण १ गतेदेखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

झ) “नगर कार्यपालिका” भन्नाले नेपालको संविधानको धारा २१६ को उपधारा (१), (२), (३) र (४) बमोजिम गठन भएको नमोबुद्ध नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

ञ) “तोकिए वमोजिम” भन्नाले नगर कार्यपालिका वा नगर सभाले समय समयमा निर्णय गरी तोकेको व्यवस्था सम्झनुपर्छ।

ट) “जवान” भन्नाले नगर प्रहरी सेवा इकाई प्रमुख बाहेकका प्रहरी जवान सम्झनुपर्छ।

ठ) “नगर प्रहरी हवल्दार” भन्नाले नगर प्रहरी सेवा इकाइको प्रमुखलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा इकाइको गठन, पदपूर्ति, योग्यता,सेवा सुविधा र कार्य बिवरण सम्बन्धी

### ३. नगर प्रहरी सेवा इकाइको गठनः

(१) नगरपालिकामा एक नगर प्रहरी सेवा इकाई रहनेछ जसमा हालका लागि देहाय बमोजिमका पदहरु सिर्जना गरी सेवा करारबाट पदपूर्ति गरिनेछ र नगरपालिकालाई थप जनशक्ति आवश्यक महसुस भएमा पुनः संख्या एकिन गरी थप गर्न सक्नेछ।

क) प्रहरी हवल्दार सहायक तृतीय स्तर - १ (जना)

ख) प्रहरी जवान सहायक द्वितीय स्तर - ४ (जना)

(२) उपदफा (१) बमोजिमका पदहरुमा पदपूर्ति गर्न पदपूर्ति समितिले खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गरी नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ।

(३) पदपूर्ति समितिले आफ्नो कार्य सम्पादनको क्रममा आवश्यकता अनुसार सम्बन्धित बिषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) पदपूर्ति समितिबाट नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुलाई प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी इकाई अन्तरगतको पदमा नियुक्ति दिनेछ।

(५) सेवा विस्तारको आधारमा नगरपालिकाले नगर प्रहरी सेवा इकाइमा रहने गरी नगर प्रहरीको थप दरवन्दी सृजना गर्न सक्नेछ।

**४. नगर प्रहरी पदको लागि आवश्यक योग्यताः**

(१) नगर प्रहरी सेवा इकाइमा रहने पदहरुका लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ।

क) नेपाली नागरिक,

ख) छनौट परीक्षा शुरु हुने दिनसम्ममा १८ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको,

ग) नैतिक पतन देखिनेफौजदारी अभियोगमा सजाय नपाएको,

घ) कुनैपनि राजनीतिक दलको सदस्य नरहेको,

ङ) कुनै विध्वंसात्मक क्रियाकलापमा संलग्न नभएको,

च) नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय नपाएको,

छ) साधारण लेखपढ गरेको।

ज) पदपूर्ति समितिले निर्धारण गरे बमोजिमको शारिरिक तन्दुरुस्ती भएको,

(२) उम्मेदवार छनौट गरिदा नेपाल प्रहरी वा नेपाली सेनाबाट सेवा निवृत्त भएका उपयुक्त/स्थानीयबासी उम्मेदवारलाई विशेष ग्राहयता दिइनेछ।

**५. पदपूर्ति समितिको काम, कर्तब्य तथा अधिकारः**

(१) पदपूर्ति समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) खुल्ला प्रतियोगिताको माध्यमबाट नगर प्रहरी अन्तरगतका पदहरुको छनौट परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने,

ख) छनौट परीक्षाको कार्यतालिका बनाउने,

ग) परीक्षाको किसिम तोक्ने,

घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

ङ) प्रकाशित विज्ञापन अनुसार दरखास्त दिने उम्मेदवारहरुको छनौट परीक्षा सञ्चालन गर्ने,

च) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने।

छ) कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवारको सूची तयार गरी प्रकाशन गर्ने,

(२) नियुक्तिका लागि सिफारिश भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनु पर्नेछ।

(३) नियुक्तिका लागि सिफारिस भएको कुनै उम्मेदवार सिफारिस भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति बुझ्न नआएमा सो पदको लागि मुख्य बैकल्पिक सूचीमा रहेको उम्मेदवारलाई नियुक्ति दिइनेछ।

(४) पदपूर्ति समितिले नगर प्रहरी सेवा इकाई अन्तरगतका पदहरुको छनौट परीक्षा सञ्चालन गर्दा प्रचलित कानूनको बमोजिम कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।

(५) पदपूर्ति समितिका पदाधिकारीहरुले पदपूर्ति सम्बन्धि कार्य सम्पादन गर्दा प्रचलित नियमानुसारको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन।

**६. नगर प्रहरी कर्मचारीहरुको सुविधाः** नगर प्रहरी सेवा इकाई अन्तरगतका कर्मचारीले अनुसूची-१ मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछन।

**७. कार्यबिवरणः** नगर प्रहरी कर्मचारीहरुको कार्यबिवरण अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-३

## नगर प्रहरी सेवा इकाइको काम कर्तव्य र अधिकार

**८. नगर प्रहरी कर्मचारीका काम, कर्तव्य र अधिकारः**

(१) स्थानीय सरकार संचालन ऐनमा (क) को देहाय (२) को उप दफा ११को दफा २०७४ , उल्लेखितकामकर्तव्य र अधिकार ,हरुका अतिरिक्त नगर प्रहरीको काम कर्तव्य र अधिकार ,देहाय बमोजिम हुनेछः

क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

ङ) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा भौतिक तथा पूर्वाधार संरक्षण र सुरक्षा,

ज) विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत तथा पुनर्स्थापना,

झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

ञ) छाडा चौपायको नियन्त्रण,

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ठ) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामग्री पसल ,व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने,

ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, पोखरी मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने। यस्तो निर्माण कार्य गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र आदेशानुसार गर्ने,

ढ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानुन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने। मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएको भत्काउने,

ण) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्यपदार्थ बिक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहोरिएको जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने,

त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंशी जीवजन्तुको मासु बिक्रि वितरण रोक लगाउने अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने,

थ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाडन लगाउने,

द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने,

ध) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ,

न) नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, दफा र कानून कार्यान्वयन गर्ने,

प) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने,

फ) नमोबुद्ध नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानरक्रस व्यानर र विज्ञापन नीतिले निषेध , गरेको विज्ञापनप्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने,

ब) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा , सम्मेलन, तालिम अभ्यास जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने,

भ) नाप तौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने,

म) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर गतिविधिहरुको निरीक्षण गर्नेमापदण्ड अनुरुप नचलेका , पाईएमाकारवाहीको लागि पेश गर्ने,

य) नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने,

र) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने ,त्यस्तो व्यापारीहरुको लगत राख्ने,

ल) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर ,रेडियो अथवा ध्वनि उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

व) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग संचालनमा रोक लगाउने,

श) दमकलसै घण्टा चुस्त र दुरुस्त २४एम्बुलेन्स सेवालाई , राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने,

ष) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने,

स) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

ह) नगरपालिका अन्तर्गत शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने,

क्ष) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी जवाफदेहीता समेत बहन गर्ने,

त्र) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

(२) प्रहरी हवल्दार सहायकले नगर प्रहरी जवानहरुलाई आदेश बमोजिम खटनपटनमा नेतृत्व र सहयोग गर्नु, नगरपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ६ उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने नगर प्रहरी जवानहरुले नगर प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ६ उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ।

(३) यो कार्यविधिको पालना नगर्ने, पदसोपान उलंघन गर्ने, पदीय आचरण विपरीत काम गर्ने नगर प्रहरी कर्मचारीलाई ७ दिनको सफाईको मौका दिई प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बखत सेवाबाट वर्खास्त/हटाउन गर्न सक्नेछ।

## परिच्छेद-४

## आचरण तथा विदा सम्बन्धी

**९. आचरण सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरी सेवा इकाई अन्तरगतका प्रहरी प्रमुख र जवानले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ।

क) दान उपहार लिन नहुनेः

(१) आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली उपहार स्वीकार गर्नु हुदैन।

ख) चन्दा लिन नहुनेः

(१) कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता पाउने काममा समेत भाग लिन हुँदैन।

ग) स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुनेः

(१) नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नग प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्ने भएमा नमोबुद्ध नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ।

घ) सम्पत्तिको विवरण दिनुपर्नेः

(१) हाल वहालमा रहेको नगरप्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ।

क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य।

(२) सम्पत्ति विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ।

(३) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

ङ) व्यापार व्यवसाय गर्न नहुनेः

(१) कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन।

क) कुनै व्यापार गर्न,

ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

ग) कुनै व्यवसाय चलाउन।

च) नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः

(१) नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागज प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन।

छ) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः

(१) नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै प्रकाशित लेख गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

ज) नगरपालिकाको आलोचनाः

(१) नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका नगरबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन।

झ) निर्वाचनमा भाग लिन नहुनेः

(१) नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचन भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

ञ) राजनीतिमा भाग लिन नहुनेः

(१) नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस् सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन।

ट) समय पालन र नियमितताः

(१) नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

ठ) अनुशासन र आज्ञापालनः

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिए आज्ञालाई तदारुकता साथ पालन गर्नुपर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्ने

ड) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः

(१) प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन।

ढ) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः

(१) नगर प्रहरी कर्मचारीले मुलुकी देवानी संहिताको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

ण) नगर प्रहरी कर्मचारीले मादक पदार्थ सेवन गर्नु हुँदैन।

**१०. बिदाः**

(१) नगर प्रहरी कर्मचारीले बर्षभरिमा देहाय बमोजिमको बिदा पाउने छन।

क) भैपरी आउनेर पर्व विदाः यो बिदा बर्षभरिमा जम्मा बाह्र दिनमा नबढाई लिन सकिनेछ। बर्षको अन्तमा सञ्चित रहेको यो बिदा आगामी बर्षको लागि जिम्मेवारी सर्ने छैन।

ख) किरिया विदाः कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा प्रहरी कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासु ससुराको मृत्यू भएको वा पुरुष कर्मचारीको पत्नी र महिला कर्मचारीको पतिको मृत्यू भएको अवस्थामा पन्ध्र दिन किरिया बिदा दिइनेछ।

ग) प्रसुती विदाः महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजलेसुत्केरीको अघिपछि गरी साठी दिन प्रसुति बिदा लिन पाउनेछ।

(१) प्रसुति बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

(२) यो कार्यविधि बमोजिम बिदामा बसेको प्रहरी कर्मचारीले बिदा बसेअवधिको पुरा तलब पाउनेछ।
(३) बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हुनेछ।

(४) यो कार्यविधि बमोजिमको सबै बिदाहरु प्रमुख प्रशासकीय अधिकृत वा निजले अख्तियारी दिएको अधिकृतले स्वीकृत गर्नेछ।

**११. विदा नलिई घर वस्न नहुनेः**

(१) यो कार्यविधि बमोजिम बिदा नलिई गैर हाजिर बस्न पाइने छैन।

(२)उपदफा (१) बमोजिम बिदा नलिई गैर हाजिर बस्ने प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ।

## परिच्छेद-५

## सजाय तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था

१२. सजाय सम्बन्धी व्यवस्थाः

(१) नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्न सकिनेछ।

क) आफ्नो जिम्मेवारीको काम सन्तोषजनक रुपमा सम्पादन नगरेमा,

ख) अनुशाशनहिन कार्य गरेमा,

ग) आचरण विपरित कार्य गरेमा,

घ) दिइएको आदेश निर्देशनको पालना नगरेमा,

ङ) मनासिव कारणविना वा विदा नलिई गैरहाजिर भएमा,

छ) लापरवाही कार्य गरी कार्यालयलाई हानी नोक्सानी पुर्याएमा,

ज) आचरण विपरितको कार्य गरेमा,

झ) प्रचलित कानून विपरितको कार्य गरेमा।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको प्रमाणित हुन आएमा सम्बन्धित प्रहरी कर्मचारीलाई देहाय बमोजिमकोसजायँ गरिनेछ।

क) नसियत दिने,

ख) शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने,

ग) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भए बमोजिमको रकम निजको तलव भत्ता वा प्रचलित कानून बमोजिम गरी निज वा निजको एकाघर सगोलका परिपवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तीबाट अशुल गर्ने,

घ) भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिनेगरी नोकरीबाट बर्खास्त गर्ने,

ङ) भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिनेगरी नोकरीबाट बर्खास्त गर्ने।

(३) माथि उपदफा (२) मा जेसुकै लेखिएको भए तापनि कुनै प्रहरी कर्मचारीलाई सजाय दिनुअघि आफ्नो सफाई पेश गर्नका लागि मनासिव समय दिइनेछ।

**१३. प्रशासनिक नियन्त्रण सम्बन्धीः**

(१) नगर प्रहरीका सबै कर्मचारीहरु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रशासन शाखाको प्रत्यक्ष प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन।

## परिच्छेद-६

## विविध

**१४. समावेशी सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरी सेवालाई समावेशी बनाउन सो सेवामा पहिलो पटक खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदसंख्यालाई सय प्रतिशत मानी सोको तेत्तीस प्रतिशत महिला उम्मेदवारहरुको बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

**१५. तालीम सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरी सेवा इकाईमा रहने कर्मचारीहरुको लागि आधारभूत तालीमको व्यवस्था नगरपालिकाले गर्नेछ।

**१६. पोशाक तथा दर्ज्यानी चिन्हः**

(१) नगर प्रहरी सेवा इकाईका प्रहरी कर्मचारीहरुले तोकिए बमोजिमको औपचारिक पोशाक तथा दर्ज्यानी चिन्ह लगाउनु पर्नेछ।

(२) नगर प्रहरीले लगाउने पोशाक र दर्ज्यानी चिन्हको रंग र ढाँचा नगरपालिका तोकिदिए बमोजिम हुनेछ।

**१७. चाडपर्व खर्चः**

(१) नगर प्रहरी सेवा इकाइका कर्मचारीहरुलाई आफ्नो जातीय परम्परा अनुसार मनाइने चाडपर्व खर्च वापत बर्षिक एक महिनाको आधारभूत तलब बराबरको रकम भूक्तानी दिइनेछ। तर, यो सुविधा छ महिना सेवा अवधि भूक्तान नभई पाइने छैन।

**१८. कार्यविधिको व्याख्याः**

(१) यो कार्यविधि कार्यान्वयनको क्रममा कार्यविधिमा रहेको कुनै वाक्यंश र हरफहरु सम्बन्धमा अस्पष्टता आई द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या बमोजिम कार्यान्वयन हुनेछ।

**१९. कार्यविधिको संशोधनः** यो कार्यविधिको संशोधन नगर कार्यपालिकाको बैठकबाट हुनेछ।

## अनुसूची-१

### (दफा ७ सँग सम्बन्धित)

### नगर प्रहरी सेवा इकाई अन्तरगतका कर्मचारीले पाउने सुविधा

| क्र.सं. | पद | मासिक तलब | पोशाक वार्षिक |
|---|---|---|---|
| १ | प्रहरी हवल्दार सहायक तृतीय स्तर | रु. २२०१० | रु. १०००० |
| २ | प्रहरी जवान सहायक द्वितीय स्तर | रु. २०६८० | रु. १०००० |

**द्रष्टव्यः** उल्लेखित नगर प्रहरी कर्मचारीको सुविधाले नगरपालिकालाई मासिक, वार्षिक बाहेक दीर्घकालीन दायित्व सृजना गर्ने छैन।

# अनुसूची-२

## (दफा ८ सँग सम्बन्धित)

## नगर प्रहरी सेवा इकाइका प्रहरी कर्मचारीहरुको कार्य बिवरण

१. प्रहरी हवल्दारको कार्य बिवरणः

क) नगर प्रहरी सेवा इकाई प्रमुख भै कामकाज गर्ने,

ख) प्रमुख प्रशासकीय अधिकृत मातहत र प्रशासन शाखाको समन्वयमा रही कार्य सम्पादन गर्ने,

ग) प्रहरी जवानहरुलाई ड्यूटी खटाई निजहरुको कार्य सम्पादनको अनुगमन गर्ने,

घ) नगर प्रहरी सेवा इकाइको काम, कर्तब्य र अधिकारमा उल्लेखित कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/ गराउने,

ङ) कार्य सम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

च) नगर प्रहरी जवानहरुको मनोबल वृद्धि हुने खालका अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्ने,
छ) उत्कृष्ट कार्य सम्पादन गर्ने जवानहरुको अभिलेख राखी पुरस्कृत गर्न नगरपालिकामा सिफारिस गर्ने,

ज) नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**२. प्रहरी जवानको कार्य बिवरणः**

क) नगर प्रहरी सेवा इकाइ प्रमुखको प्रत्यक्ष मातहतमा रही कामकाज गर्ने,

ख) आफु खटिएको क्षेत्रमा इमान्दारी, वफदारी र समन्वयात्मक रुपमा कार्य सम्पादन गर्ने,

ग) कार्य सम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी नगर प्रहरी सेवा इकाई प्रमुख समक्ष पेश गर्ने,

घ) नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।